# स्थानीय राजपत्र

## बुंगल नगरपालिकाद्वारा प्रकाशित

**खण्ड १० संख्या १ मिति २०८३ श्रावण १ गते**

**भाग १**

**बुंगल नगरपालिकाको सूचना**

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

**संवत् २०८३ को ऐन नं १**

**<u>आकस्मिक कोष ऐन, २०८३</u>**

**<u>प्रस्तावनाः</u>** नगरपालिका क्षेत्रभित्र उत्पन्न हुन सक्ने प्राकृतिक प्रकोप, महामारी, दुर्घटना तथा अन्य आकस्मिक अवस्थाबाट जनधनको क्षति न्यूनिकरण गर्न, प्रभावित नागरिकलाई तत्काल राहत तथा उद्धार कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न, र यस्ता आकस्मिक परिस्थितिमा आवश्यक वित्तीय स्रोतको सहज, पारदर्शी तथा उत्तरदायी परिचालन सुनिश्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७०

बुंगल नगरपालिका

बमोजिम आकस्मिक कोषको स्थापना तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "**आकस्मिक कोष ऐन, २०८३**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बुंगल नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "नगर सभा" भन्नाले बुंगल नगर सभा सम्झनु पर्छ।

३. **<u>कोषको स्थापना:</u>** नगरपालिकामा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. **<u>आकस्मिक कोषमा जम्मा गरिने रकम:</u>** नगरपालिकाले स्थानीय सञ्चित कोषबाट आकस्मिक कोषमा पहिलो पटक रु. बीस लाख जम्मा गरिनेछ।

५. **<u>आकस्मिक कोष खर्च गर्न सकिने क्षेत्रहरु:</u>** आकस्मिक कोषको रकम देहायका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न खर्च गर्न सकिनेछ;

(क) प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

(१) भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ्ग, असिना, जंगली जनावरको आक्रमण जस्ता प्राकृतिक विपद्,

(२) महामारीका बेला औषधि, उपचार, राहत तथा स्वास्थ्य सामग्री खरिद,

(३) आर्थिक रुपमा विपन्न व्यक्तिको आकस्मिक उपचार तथा आकस्मिक प्रेषण,

(४) रोगकिरा वा जंगली जनावरबाट हुने कृषि तथा पशुधनमा हुने क्षति र

(५) अन्य दुर्घटना र आकस्मिक उद्धार तथा राहत कार्य।

(ख) वित्तीय तथा आर्थिक संकट

(१) नगरपालिकाका आपूर्तिकर्तालाई भुक्तानी गर्न असहज परिस्थिति उत्पन्न भएमा, र

(२) महँगी नियन्त्रण तथा बजार व्यवस्थापनका लागि आकस्मिक हस्तक्षेप गर्नुपर्ने अवस्थामा।

(ग) कानुनी वा न्यायिक खर्चहरू

(१) लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना

(२) नगरपालिकाले आकस्मिक रुपमा लिनु पर्ने कानुनी परामर्श र

(३) कुनै अदालती निर्णय अनुसार क्षतिपूर्ति वा अन्य कानुनी दायित्व पूरा गर्नुपर्ने अवस्थामा।

(घ) अत्यावश्यक पूर्वाधार मर्मत तथा पुनःनिर्माण

(१) अत्यावश्यक सार्वजनिक सेवा सुचारु गर्न (खानेपानी, स्वास्थ्य



बुंगल नगरपालिका

सेवा, विद्युत्, सडक, पुल, बाटो, विद्यालय, अस्पताल, तथा अन्य सार्वजनिक संरचना) ।

(ङ) सुरक्षा सम्बन्धी आकस्मिक खर्च

(१) स्थानीयस्तरमा सार्वजनिक शान्ति तथा सुरक्षामा आकस्मिक संकट उत्पन्न भएमा, र

(२) सार्वजनिक सेवा स्थापनाहरूमा आकस्मिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने अवस्थामा।

(च) अन्य आकस्मिक परिस्थितिहरूः नेपाल सरकार वा प्रदेश सरकारबाट आकस्मिक रूपमा अनुदान वा राहत कार्यक्रम सञ्चालन गर्न निर्देशन भएमा।

६. **<u>नियम, कार्यविधि र मापदण्ड बनाउन सक्नेः</u>** यस कोषको रकम खर्च गर्न कार्यपालिकाले खर्च सम्बन्धी स्पष्ट आधार र मापदण्ड तोकी कोषको परिचालन नियमावली वा कार्यविधि बनाउनु पर्नेछ।

७. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्नेः</u>** कोषबाट खर्च भएको रकम स्थानीय सञ्चित कोषबाट कम्तिमा रु बीस लाख कायम हुने गरी प्रत्येक बर्ष सोधभर्ना गर्नु पर्नेछ।

८. **बाधा अड्काउ फुकाउने अधिकारः** बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**आज्ञाले**
अम्मर राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

बुंगल नगरपालिका